मा. दिपक खड्का
मन्त्री
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

सिंहदरबार, काठमाडौं, नेपाल
www.moewri.gov.np

पत्र संख्या: ०८१/८२
चलानी नं.: ४४

# विज्ञप्ती

हाल मुलुकभर मनसुनी वायुको सक्रिय प्रभाव रहेको छ। वङ्गालको खाडीमा उत्पन्न भएको जलवाष्पयुक्त वायु साथै त्यस क्षेत्रमा वनेको न्यून चापिय प्रणलीको प्रभावका कारण गत असोज १० गते विहिवार देखि मुलुकभर निरन्तर वर्षा भइरहेको छ। अविरल वर्षाका कारण देशभर भएर बहने साना तथा ठूला सवै नदीहरुमा जल सतह सतर्कता तह पार गरिसकेको अवस्था छ। अझैपनि वर्षा हुने क्रम नरोकिएको हुँदा बाढी तथा पहिरोको जोखिम उच्च रहेको छ।
निरन्तर परिरहेको अविरल वर्षाको कारण मुलुकका अधिकांश भागमा बाढी र पहिरोको प्रकोपले ठूलो मात्रामा जनधनको क्षति पुऱ्याएको छ। राष्ट्रिय राजमार्ग, सहायक मार्गहरु पहिरो एवम् बाढीले वगाएर अवरुद्ध भएका छन्। भौतिक पूर्वधारका रुपमा रहेका पुलहरु बाढीले वगाएको छ। पहिरोले कयौं वस्तीहरु वगाएको छ भने वाढीका कारण कृषकको खेतिबाली पूर्ण रुपमा नष्ट भएको छ। विकासको आधुनिक पूर्वधारको रुपमा रहेका जलविद्युत आयोजनाहरु तथा सिंचाईका निर्माणधिन तथा निर्माण सम्पन्न भई संचालनमा रहेका आयोजनाहरुमा पनि बाढीले ठूलो क्षति पुऱ्याएको छ।

नेपालीहरुको महान् पर्व दशैंको पूर्व सन्ध्यामा आएको यो अकल्पनीय प्राकृतिक प्रकोपले आम नागरिकको दैनिक जीवनमा गम्भीर असर पारेको छ। त्यसैगरी मुलुकको भैतिक पूर्वाधारमा समेत अपुरणीय क्षति पुगेको छ। क्षतिको पुर्नभरण गर्न र थप क्षतिलाई न्यूनिकरण गर्न वा क्षति हुन नदिन हामी सवैले आ-आफ्नो ठाउवाट योगदान गर्नुपर्ने अवस्था छ। मैले सम्हालेको उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय मातहतका सम्पूर्ण कार्यालयहरु तथा कर्मचारी साथीहरुलाई यो विपत्तको समयमा राहत तथा उद्धारको कार्यमा खटिन तथा  जनताको जीउधनको सुरक्षामा अहोरात्र खटिन म अनुरोध गर्दछु। अझैपनि निरन्तर वर्षा भईरहेको हुँदा प्रकोपको भय कायमै रहेको छ। अतः आम नागरिक हरुलाई सुरक्षित स्थानमा बस्न साथै बाढी डुवान नहुने उच्च स्थानमा गएर वसिदिन आग्रह गर्दछु। सुरक्षाका तिनवटै निकायकाहरु नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल तथा जिल्ला प्रशासन कार्यालय र सरकारी कार्यालयका कर्मचारीहरुलाई राहत तथा उद्दार र प्रतिकार्यमा अहोरात्र खटिन आग्रह गर्दछु। त्यसैगरी सामाजिक सङ्घ संस्था, गैरसरकारी संस्था, क्लव, सामाजिक अभियान्ता तथा आम नागरिकलाई समेत यस विपद्को घडीमा एक अर्कामा साथ र सहयोग गरेर अघि वढ्न म हार्दिक अपिल गर्दछु।

नेपाल सरकारको सीमित स्रोत र साधनका वावजुद पनि राहत, उद्धार र प्रतिकार्यका लागि कुनै कसर नछाड्न सरकारले सम्वन्धित निकायहरुलाई निर्देशन दिएको र परिचालन गरिसकिएको अवस्था छ। क्षतिको यकिन तथ्याङ्क संकलन गरि राहत तथा पुर्नस्थापनाको कार्यक्रमहरु घोषणा गर्ने कार्य सरकारले गर्ने नै छ। उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय अर्न्तगत पर्ने राहतका कार्यहरुमा म जिम्मेवार मन्त्रीको हैसियतले अधिकतम पहल गर्ने बचनवद्धता जाहेर गर्दछु। अन्त्यमा, आज राति बाट बर्षाको प्रभाव मुलुकको उत्तर पुर्वी भाग तर्फ सर्दै जाने देखिएको हुदा कोशी तथा मदेस प्रदेश तथा आसपासका नदि तटिय क्षेत्रमा बसोबास गर्नु हुने नागरिकहरुले विशेष सर्तकता अपनाउनु हुन र संयमित एवम् चनाखो रहन म सम्वद्ध सवैमा हार्दिक अपिल गर्दछु। धन्यवाद।

दिपक खड्का
१२/०६/२०८१